**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः १६ नवम्बर २०२५**

*समयः १८:५० - १९:०० बजे*

**<u>मुख्य समाचार</u>**

- पश्चिम बंगालका राज्यपाल सी. वी. आनन्द बोसमाथि तृणमूल कंग्रेसका सांसद कल्याण ब्यनर्जीले गरेको टिप्पणीलाई लिएर राज्यको राजनीति फेरि एकपटक तात्तिएको छ।
- आज देशभरिमै राष्ट्रीय प्रेस दिवस मनाइन्दैछ।
- गत अक्टोबर ४ अनि ५ तारीख आएको बिनाशकारी प्राकृतिक आपदाका पिडितहरुको सुची सार्वजनिक भए पछि यसमा व्यापक रूपमा धाधली भएको आरोपहरु उठ्न थालेको छ।
- आज सोनादा साहित्य संस्थान एवं सोनादा डिग्री कलेजको संयुक्त तत्वाधानमा स्रष्टा रामराज राईको तीनवटा कृतिहरुको भव्य कार्यक्रमबिच लोकार्पण गरियो।

**<u>राज्यपाल- एसआईआर</u>**

पश्चिम बंगालका राज्यपाल सी. वी. आनन्द बोसमाथि तृणमूल कंग्रेसका सांसद कल्याण ब्यनर्जीले गरेको टिप्पणीलाई लिएर राज्यको राजनीति फेरि एकपटक तात्तिएको छ। अब राजभवनले यसमाथि कड़ा प्रतिक्रिया व्यक्त गर्दै कल्याणको बयानको जाँच गर्ने माग समेत गरेको छ अनि कानूनी कारबाही गर्ने संकेत दिएको छ। गत शनिवार राज्यपालले भोटर लिस्टको एसआईआर प्रक्रियालाई समर्थन गरेका थिए।

*यसको जवाफमा सांसद कल्याण ब्यनर्जीले आरोप लगाउँदै भनेका थिए कि पहिला राज्यपाललाई भनियोस् कि उहाले भाजपाका अपराधीहरूलाई राजभवनमा शरण दिन बन्द गरुन्। यस बयानको तुरून्तैपछि राजभवनले यसलाई गम्भीर अनि आधारहिन बताउँदै सार्वजनिक जाँचको माग गऱ्यो। राजभवनको तर्फबाट स्पष्ट भनिएको छ कि यदि आरोप झुटो सिद्ध भए सांसद कल्याण ब्यनर्जीले बंगालका मानिसहरूसित माफी माग्नुपर्छ अनि उनीविरूद्ध घृणास्पद बयानबाजी गरेकोमा कानूनी कारबाही पनि गरिनेछ। उल्लेखनीय छ एसआईआर प्रक्रियामाथि राज्यपाल आनन्द बोसले भन्नुभएको थियो- यो आवश्यक छ किनभने यसबाट चुनाउ प्रक्रिया अधिक पारदर्शी हुनेछ। यसबाट मतदाताहरूको विश्वास बढ्नेछ अनि भविष्यमा निष्पक्ष चुनाउ निश्चित हुनेछ।*

**<u>प्रेस दिवस</u>**

आज देशभरिमै राष्ट्रीय प्रेस दिवस मनाइन्दैछ। यो दिवसले देशको लोकतंत्रलाई सशक्त बनाउनमा एक स्वतंत्र, जिम्मेवार अनि नीतिगत प्रेसको भूमिकालाई पुष्टि गर्दछ। आजकै दिन भारतीय प्रेस परिषदको स्थापना भएको थियो। परिषदले आजकै दिन वर्ष १९६६ मा एक स्वतंत्र नैतिक प्रहरीको रूपमा कार्य गर्न शुरू गरेको थियो।

**<u>प्रेस दिवस - राज्यपाल</u>**

राष्ट्रीय प्रेस दिवसको अवसरमा पश्चिम बंगालका राज्यपाल सी. वी. आनंद बोसले देशभरिकै पत्रकारहरु, रिपोर्टरहरु, प्रेस फ़ोटोग्राफ़रहरु, भिडियोग्राफ़रहरु अनि मीडिया सहयोगिहरुलाई शुभकामना दिनुभएको छ। उहाले भन्नुभयो यी सबै मिलेर लोकतंत्रको चौथो स्तंभलाई अझ दह्रिलो बनाउने गर्दछ। राज्यपालले एक्स मा आफ्नो संदेशमा लेख्नु भएको छ कि प्रतेक बर्ष १६ नवंबरमा राष्ट्रीय प्रेस दिवस मनाईने गरिन्छ जसले स्वतंत्र अनि उत्तरदायी प्रेसको भूमिकालाई रेखांकित गर्दछ। यो दिन प्रेस काउंसिल ऑफ इंडियाको स्थापनाको स्मरणमा मनाईने गरिन्छ जसले बर्ष १९६६ मा आजकै दिन आफ्नो कार्य शुरू गरेको थियो। उहाले अझ भन्नुभयो कि कुनै पनि लोकतांत्रिक समाजको लागि स्वतंत्र, निष्पक्ष अनि

जवाबदेही प्रेस अत्यंत आवश्यक छ जसले झुठो सूचनाहरुलाई टाडो राखेर पारदर्शिता अनि जवाबदेहीलाई प्रोत्साहित गर्दछ।

**आपदा कोष-आरोप**

गत अक्टोबर ४ अनि ५ तारीख आएको बिनाशकारी प्राकृतिक आपदाले क्षति पुर्याएको मानिसहरुलाई राज्य सरकारले आपदा कोषबाट सहयोग गर्ने निर्णय गरेपछि पहाडको विभिन्न स्थानहरु सरह बिजनबारी क्षेत्रको विभिन्न ग्राम पन्चायतका पीडितहरुलाई सरकारले सहयोग गर्ने घोषणा सहितको शुचि सार्वजनिक भएको छ। यद्यपि यस सुचीमा व्यापक रूपमा धाधली भएको आरोपहरु उठ्न थालेको छन्। यसै क्रममा पुल बिजनबारी ग्राम पन्चायतको पीडितहरुको सुचीमा व्यापक रूपमा धाधली भएको इन्डियन गोर्खा जनशक्ती फ्रन्ट, पुल बिजनबारी गोक समष्टिले आरोप लगाएको छ। आज यसबारे प्रेस बिज्ञपति जारी गर्दै सुचीमा व्यापक रूपमा धाधली भएको तथा सुचीमा रहेका सदस्यहरुमा ग्राम पन्चायतको वार्ड सदस्य सरकारी नोकरी प्राप्त कर्मचारीहरु समेत रहेको बताईएको छ। यसको साथमा उनीहरूले सठिक पीडितहरुको नाम छुटेको अनि उनीहरुको छिमेकीले पैसा पाएको गम्भीर आरोप लगाएका छन भने आज आइतबार भएकोले यसबारेमा बिभागीय छानबिन गर्न नसकिएको तथा भोलि यस सुचीलाई लिएर ग्राम पन्चायत प्रधान तथा खण्ड बिकास अधिकारीलाई समेत भेट्ने उनीहरूले जनाएका छन। अर्कोतिर आईजीजीएफले लगाएको आरोप सरासर राजनैतिक प्रेरित भएको तथा आफू स्वम आपदाको शिकार भएकोले आफ्नो नाम सुचीमा आएको भन्दै ग्राम पन्चायत सदस्य जोशन कालिकोटेले यसको खण्डण गरेका छन्।

**फोसेफ**

दार्जीलिङको फेडरेशन अफ सोसाइटिज फर इन्भाइरोमेन्टल प्रोटेक्सन (फोसेफ) ले आज मिरिक महकुमा अन्तर्गत थर्बु नौ माइल, सौरेनी ढाड गाउँ र लोअर तोकलाङ गाउँका पैह्रो पीडितहरुलाई आर्थिक सहायता प्रदान गरे। कार्यक्रममा मिरिक पञ्चायत समिति अध्यक्ष कैलाश खवास, फोसेप सदस्य जीवन कुमार राई एसौरेनी एक ग्राम पञ्चायतका उप प्रधान अजित छेत्री अनि ग्राम सदस्य बिकास शर्माको विशेष उपस्थिति रहेको थियो। फोसेपका सचिव भरत प्रकाश राईले बिगत ४ अक्टोबरको दिन गएको बिनाशकारी भलपैह्रोमा प्रभावित भएका पीडितहरुलाई दु:खको घडीमा सहयोग प्रदान गर्नु फोसेपको मुल उदेश्य रहेको बताउनु भएको छ। पीडितहरुको बर्तमान दयनीय अवस्थालाई ध्यानमा राख्दै उनिहरुलाई केन्द्र एवं राज्य सरकारले शिघ्र पुनर्वासको ब्यवस्था गर्न आवश्यक रहेको बताउनु भएको छ।

**पहिरो पिडित**

जादुपुर आदर्श बालिका शिक्षातन भूतपूर्व विध्यार्थी संगठनले माकपा मिरिकका नेता किस्मत तामाङको नेतृत्वमा थर्बु नन्दलाल गाउँ अनि सियोक गोदामधुरा गाँउका तीस पहिरो पिडितहरूलाई कम्बल, खानेकुरा अनि आवश्यक भाँडाहरू वितरण गरेको छ। यस अवसरमा बोल्दै किस्मत तामाङले जादुपुर आदर्श बालिका शिक्षातन भूतपूर्व विध्यार्थी संगठनले आफूसित सम्पर्क गरेपछि पहिरो प्रभावित ठाँउमा पुगेर राहत सामाग्री वितरण गरेको र यसको लागि जादुपुर आदर्श बालिका शिक्षातन भूतपूर्व विध्यार्थी संगठनप्रति आभार प्रकट गरेका छन्।

**बीजेपी**

दार्जिलिङ विधान सभा निर्वाचन क्षेत्रलाई लिएर आज दाजीलिंगमा भारतीय जनता पार्टीको सांगठानिक बैठक सम्पन्न भयो। बैठकमा दार्जिलिङ विधान सभाका पदाधिकारीगण, दार्जिलिङ नगरपालिकाका निर्वाचित पार्षदहरू, मण्डल अध्यक्षहरू, महासचिवहरू र शक्तिकेन्द्र प्रमुखहरू उपस्थित थिए। बैठकमा संगठनात्मक मुद्दाहरू माथि साथै SIR प्रक्रियामाथि पनि विस्तृत छलफल गरयो। SIR बारे बोल्नु हुँदै दार्जेल्लिंग सांसद राजु बिष्टाले भन्नु भयो यो

अभ्यास भारतीय निर्वाचन आयोग (ECI) द्वारा गरिँदै आएको भए तापनि SIR हाम्रो लोकतन्त्रलाई सुदृढ पार्नको लागि एक महत्त्वपूर्ण अभ्यास हो। त्यसैले भाजपाले SIR प्रक्रिया मार्फत नागरिकहरूलाई सहयोग गर्न प्रत्येक शक्तिकेन्द्रमा हेल्प डेस्क सुरु गर्नेछ भनी बताएका छन्।

**रामराज राई-लोकार्पण**

आज सोनादा साहित्य संस्थान एवं सोनादा डिग्री कलेजको संयुक्त तत्वाधानमा स्रष्टा रामराज राईको तीनवटा कृति- साईका सय आदर्श, डाँडा घर (कथासंग्रह) अनि स्मृतिदेखि स्मृतिसम्म (निसंस्मरण) को भव्य कार्यक्रमबिच लोकार्पण गरियो। सोनादा साहित्य संस्थानका अध्यक्ष वरिष्ठ साहित्यकार जोगेन दर्नालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिको रुपमा वरिष्ठ साहित्यकार डा जीवन नामदुङ उपस्थित थिए भने विशिष्ट अतिथिको रुपमा वरिष्ठ साहित्यकार सचेन राई दुमी, साहित्यकार गणेश बराइली, वरिष्ठ कवि सूर्य श्रेष्ठ उपस्थित थिए। अतिथिहरूद्वारा दीप प्रज्ज्वलन पश्चात बालविकासका विद्यार्थीहरूद्वारा वेदपाठ गरियो भने विगत दिनमा प्राकृतिक प्रकोपमा प्राण गुमाउनेहरुको आत्मा शान्तिको निम्ति एक मिनटको मौन प्रार्थना गरियो। यसपछि स्रष्टा रामराज राईको तीनवटा कृतिहरूको विधिवत लोकार्पण प्रमुख अतिथि, विशिष्ट अतिथिहरुद्वारा गरियो। आफ्नो वक्तव्यमा कृतिकार रामराज राईले आफ्नो लोकार्पित तीनवटा पुस्तकहरु बारे आफ्नो उद्गार प्रकट गरे एवं उपस्थित तथा सहयोगी सम्पूर्णप्रति आभार प्रकट पनि गरे।

**काइट फेस्टिवल**

खरसाङको वार्ड नम्बर २ मा रहेको टेकवीर बस्ती युथको आयोजनामा आज काइट फेस्टिवल सम्पन्न भएको छ। काइट फेस्टिवल अन्तर्गत बिहान अतिथिहरुको उपस्थितिमा बलुन उडाएर काइट फेस्टिवलको उदघाटन गरियो । त्यसरी नै कार्यक्रमको दोस्रो चरणमा गुड्डी उडाउने प्रतियोगिता सम्पन्न गरियो। प्रतियोगिता अन्तर्गत तीनवटा पुरस्कारहरु राखिएको थियो अनि प्रमुख अतिथिको बाहुलीबाट बिजेताहरुलाई प्रमाण पत्र र ट्रफी प्रदान गरियो। गाउँ समाजमा गुड्डी उडाउने प्रथा विलुप्त हुँदै गएको कारणले यसलाई पुनर्जीवित गराउने र नानीहरु साथै युवाहरुलाई यस तर्फ आकर्षित गराउने उद्देश्यका साथमा यो काइट फेस्टिवल आयोजना गरिएको छ।